पुनर्वास नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

पुनर्वास,कञ्चनपुर

७ नं.प्रदेश नेपाल

प.सं.२०७५/७६

मितिः-२०७५।०४।०२

च.नं......

**विषयः-सामाजिक सुरक्षा भत्ता कार्यक्रमको नयाँ निवेदन तथा परिचय-पत्र नविकरण सम्बन्धी सुचना**

उपरोक्त सम्बन्धमा नेपाल सरकारको(P1)मा परेको सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत यस पुनर्वास नगरपालिकामा स्थायी वसोवास गरि वस्ने लाभग्राहीहरुले,आगामी आ.व.२०७६।०७७को श्रावण देखी भत्ता,वृत्ती पाउनको लागी २०७६को फाल्गुन सम्म ७० बर्ष पुगेका अन्य जेष्ठ नागरिक,लोपउन्मुख जनजाती आदीवासी,६०वर्ष पुगेका दलित जेष्ठ नागरिक,एकल महिला(विवाह नगरि वसेका,सम्बविच्छेद गरि वसेका)ले २०७५।०८।१५मित्र तपशिलका कागजात सहित नयाँ निवेदन पेश गर्न हुन तथा चालु आ.व.२०७५।०७६को श्रावण देखी भत्ता,वृत्ती पाउनको लागी निवेदन पेस गरि सकेका र भत्ता,वृत्ती पाइरहेका अन्य जेष्ठ नागरिक,लोपउन्मुख जनजाती आदीवासी,दलित जेष्ठ नागरिक,एकल महिला, विधवा महिला,पूर्ण तथा आंशिक अपाङ्ग र ५ बर्ष मुनिका दलित वालवालिकाहरुले आगामी आ.व.२०७६।०७७को भत्ता निरन्तरताको लागी२०७५।०८।१५गते भित्र आ-आफ्ना वडा कार्यालयमा आफैं उपस्थीत भै(पुर्ण अपाङ्ग र दलित वालवालिका वाहेक)सबैले आ-आफ्नो परिचय पत्र,तपशिलका कागजात राखी नविकरण गर्न हुन सम्वन्धित सबैको जानकारीका लागि यो सुचना प्रकाशित गरिएको छ ।

## तपशिल

**नयाँ निवेदनको लागी**

१.नेपाली नागरिकताको प्रतिलिपी-१(ना.प.र.प.मा भएको फोटो,जन्ममिति,अक्षरहरु स्पष्ट भएको हुनु पर्नेछ)

२.ना.प्र.प.बाहिरि जिल्लाको भएमा बसाइ-सराईको प्रतिलिपि-२प्रति

३.हालै खिचेको फोटो-२प्रति

४.एकल महिलाको हकमा ६०वर्ष पुगेको ना.प्र.प.प्रतिलिपि र सम्बन्धविच्छेद प्रमाणको प्रतिलिपि १,१थान

**नविकरणको लागी**

१.ना.प्र.प.को प्रतिलिपि-१र नगरपालिकाले प्रदान गरेको परिचय-पत्रको प्रतिलिपि-१(जेष्ठ नागरिक अन्य/दलित)

२.ना.प्र.प.को प्रतिलिपि-१,पतिको मृत्यु दर्ताको प्रतिलिपि-१/१र न.पा.ले प्रदान गरेको प्र-पत्रको प्रतिलिपि-१(विधवा म.)

३.जन्म दर्ता/ना.प्र.प.को प्रतिलिपि-१, अपाङ्ग प.-१ र न.पा.ले प्रदान गरेको प्र-पत्रको प्रतिलिपि-१(अपाङ्ग)

(पिताम्बर पाण्डे)

प्रमुख प्रशासकीय अधिकृत